लोक सेवा आयोग
नेपाल नागरिक उड्डयन प्राधिकरण, प्राविधिक, सिभिल इन्जिनियरिङ्ग, नवौं, प्रबन्धक पदको आन्तरिक
प्रतियोगितात्मक लिखित परीक्षा
२०७८।०८।२३

पत्र : द्वितीय
समय : ३ घण्टा
पूर्णाङ्क : १००

विषयः **सेवा सम्बन्धी**

| प्रत्येक **Section** को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

**Section "A"** **50 Marks**

1. Answer the following: 5+5=10
   a) Airport transport is vital for accessibility to the remote areas of Nepal. Explain other roles of air transport for national economic perspective.
   b) Explain the relationships between airport design and aircraft characteristics.
2. Discuss the significance of Airport Master Planning. What information do you need for planning considerations of an airport? 5+5=10
3. What are the factors affecting the length, orientation and number of runways? Elaborate the functions and planning principles of taxiway. 5+5=10
4. Air traffic congestion has become a major issue in the context of Nepal. Analyze the reasons behind the occurrence of this problem taking into account domestic as well as international requirements. Suggest appropriate measures in a time-bound manner to resolve this problem. 20

**Section "B"** **50 Marks**

5. Describe the design steps for flexible airport pavement based on the CBR method. 10
6. How do you calculate the amount of run off for designing airport drainage network? Explain in brief the significance of Markings, Signs and Lights markers for surface movement guidance and control in airport? 5+5=10
7. Answer the following: 5+5=10
   a) Heliport construction at hospital building complex rooftops is becoming popular now. Mention the major factors to be considered in the design of the building complex carrying heliports.
   b) Mention the existing environmental management system in TIA and list the major challenges for its operation.
8. Describe the issues and prevailing legal aspects related to the construction of international airports by using the public private partnership (PPP) modality. What are your suggestions for attracting private sector in airport construction, operation and financing? 10+10=20

**- The End -**

# लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्राविधिक, ई. एण्ड टे.कम. इन्जिनियरिङ्ग/एभिएशन फायर सर्भिसेस/एयरवर्दिनेश/सिभिल इन्जिनियरिङ्ग, नवौं, प्रबन्धक पदको

## आन्तरिक तथा खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०८।२१

पत्र : प्रथम

समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषय: व्यवस्थापन तथा कानून

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क" — ५० अङ्क

१. द्वन्द्व व्यवस्थापनलाई परिभाषित गर्दै संगठनभित्र द्वन्द्व व्यवस्थापन कसरी गर्न सकिएला? चर्चा गर्नुहोस् । ४+६=१०

२. सार्वजनिक वडापत्रको व्यवस्थाबाट हरेक कार्यालयमा सेवाग्राहीहरूमा सेवा प्रवाहको सूचनाको पहुँच पुगेको छ । तापनि, सर्वसाधारण सेवाग्राहीहरूबाट सार्वजनिक निकायबाट पुऱ्याइने सेवा बढी प्रकृयामुखी र झन्झटिलो हुँदा छिटो छरितो हुन सकेन भन्ने गुनासो आइरहेको सन्दर्भमा विद्यमान कार्यप्रणालीमा सुधार हुनुपर्ने मुख्य-मुख्य कुराहरू बुँदागतरूपमा उल्लेख गर्नुहोस् । १०

३. विश्वव्यापीकरण र उदारीकरण जस्ता नीतिगत अवधारणाको अवलम्बनले सरकारको प्रत्यक्ष भूमिकामा आएको परिवर्तन र त्यसको प्रभावको समीक्षा गर्दै सार्वजनिक संस्थानले जनतालाई पुऱ्याउनु पर्ने सेवाको प्रवाहीकरणमा के-कस्तो भूमिका एवं योगदान खेल्न उपयुक्त ठान्नुहुन्छ? विवेचना गर्नुहोस् । ५+५=१०

४. नेपालको सार्वजनिक सेवा प्रवाह प्रभावकारी नभएको, सेवाग्राहीहरूले अनावश्यक दुःख, झन्झट व्यहोर्नु परेको र अतिरिक्त शुल्क तिर्नुपरेको जस्ता गुनासाहरू आउने गरेको पाइन्छ । अतः नेपालको सन्दर्भमा सार्वजनिक सेवा प्रवाहमा देखिएका समस्याहरू पहिचान गरी सेवा प्रवाहलाई बढी प्रभावकारी बनाउन चाल्नुपर्ने नीतिगत, कानूनी र संस्थागत कदमहरू उल्लेख गर्दै कार्यान्वयनयोग्य कार्ययोजना प्रस्तुत गर्नुहोस् । ४+६+१०=२०

### खण्ड "ख" — ५० अङ्क

५. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ लाई सरोकारवालाहरूले विकास विरोधी ऐन र नियमावली भनी टिप्पणी गर्छन्, किन? यो कार्यान्वयन गराउन किन जटिल मानिएको छ? यसको प्रभावकारी कार्यान्वयनका चारवटा उपाय लेख्नुहोस् । ३+३+४=१०

६. नेपालको वर्तमान संविधानले परिकल्पना गरेको संघीय कार्यपालिकाअन्तर्गतको मन्त्रिपरिषद् गठन प्रकृयाका बारेमा सविस्तार उल्लेख गर्नुहोस् । यस प्रकृयामा सुधार गरिनुपर्ने विषयहरू के-के हुन सक्छन्? विचार प्रस्तुत गर्नुहोस् । ६+४=१०

क्रमशः ...

७. विश्वसनीय, भरपर्दो एवं प्रभावकारी हवाई यातायातको टड्कारो आवश्यकता महशुस गरी ल्याइएको हवाई नीति, २०६३ को प्रमुख लक्ष्य र उद्देश्यमाथि प्रकाश पार्दै उडान सुरक्षा र हवाई सुरक्षाका बारेमा के-कस्ता व्यवस्था गरेमा हवाई क्षेत्रमा सुरक्षाको प्रत्याभूति दिलाउन सकिने ठान्नुहुन्छ? लेख्नुहोस् । ५+५=१०

८. नेपालको दुर्गम र विकट भौगोलिक परिस्थितिलाई ध्यान दिने हो भने, विकास र विस्तारको दृष्टिकोणले सडक यातायातभन्दा हवाई यातायात मितव्ययी र तुलनात्मकरूपमा कम लगानीबाट सञ्चालन गर्न सकिने भरपर्दो यातायातको साधन हो भन्ने कुरामा दुईमत छैन । सन् ९० को दशकसम्म एकछत्र सेवा प्रदान गर्दै आएको सरकारी हवाई सेवा सञ्चालकको उपस्थिति हालका वर्षहरूमा घट्दै गईरहेको छ । अर्कोतिर, निजी क्षेत्रका हवाईसेवा सञ्चालकहरू बढी कमाई हुने र सुरक्षित पूर्वाधार सम्पन्न विमानस्थलहरूमा मात्र उडान भर्ने प्रवृत्तिका देखिन्छन् । सरकारी हवाई सेवा सञ्चालकको कमजोर उपस्थितिका कारणले दुर्गम तथा विकट क्षेत्रका नागरिकहरू हवाई यातायातको सेवाबाट विमुख भइरहेका छन् । त्यस्ता ठाउँमा उडान भर्ने निजी क्षेत्रका हवाई साधनहरूले यात्रुबाट चर्को रकम असुल्ने गरेको भन्ने गुनासो सुनिन्छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले यी तथ्यहरूप्रति पर्याप्त ध्यान पुऱ्याउन नसकेको स्पष्ट देखिन्छ । सरकारले वागमती र कर्णालीका नागरिकबीच कुनै पनि किसिमको विभेद गर्नु हुँदैन तर सरकारी पूर्णस्वामित्वका नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपाल वायुसेवा निगमकै कारणले यो विभेद भईरहेको छ । तपाईंको विचारमा; २+३+४+३+८=२०

(क) माथि उल्लेख गरिएका दुई सरकारी निकायहरूका अप्ठ्याराहरू के-के हुन्?

(ख) ती दुई निकायहरूले सो विभेद हटाउन कस्तो भूमिका निर्वाह गर्न सक्नुपर्छ?

(ग) ती निकायहरूले व्यहोरिरहेका अप्ठ्याराहरू हटाउन नेपाल सरकारबाट के-कस्ता नीतिगत र संस्थागत कार्यक्रमको उद्घोष हुनुपर्ने देख्नुभएको छ?

(घ) निजी क्षेत्रका हवाई सेवा सञ्चालकहरूलाई दुर्गम र विकट क्षेत्रका नागरिकहरूप्रति थप उत्तरदायी तुल्याउने उपायहरू के-के हुन सक्दछन्?

(ङ) माथि उल्लेखित प्रश्नहरूका आधारमा सुधारका लागि कार्ययोजना प्रस्तुत गर्नुहोस् ।

:: समाप्त ::